**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख १७ गते बिहीबार ❑ 30 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सार्वजनिक सेवा प्रभावकारी बनाउन र सुशासन प्रदान गर्न सरकारद्वारा अध्यादेश सिफारिस

**रासस**
काठमाडौं, १६ बैशाख

सरकारले सार्वजनिक निकायमा हुने नियुक्तिलाई पारदर्शी र प्रतिस्पर्धी बनाउने, दलीय राजनीतिकरण अन्त्य गर्ने, सार्वजनिक निर्माणलाई तीव्रता दिने, सहकारीका साना बचतकर्ताको रकम फिर्ता गर्ने तथा भूमि, मालपोत र नापीलगायतका सेवा प्रभावकारी बनाउने उद्देश्यसहित विभिन्न अध्यादेश मन्त्रिपरिषद्बाट यही वैशाख १४ गते राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ।

प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको सिफारिसका लागि बस्ने बैठकसम्बन्धी कार्यविधिलाई व्यवस्थित गर्ने उद्देश्यका साथ संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न अध्यादेश जारी गर्न सिफारिस गरिएको छ। त्यसैगरी सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई नियमन गर्ने, यस प्रकृतिका संस्थाहरूले कार्य सञ्चालन इजाजतपत्र लिनुपर्ने र समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत रकम फिर्ताका लागि ' चक्रीय राहत कोष' स्थापना गर्नेलगायतका व्यवस्थाहरू यस अध्यादेशमा रहेका छन् ।

त्यसैगरी विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशसमेत जारी गर्न सिफारिस गरिएको छ। विगतमा राजनीतिक रूपमा नियुक्ति तथा मनोनयन भएका सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेशसँग अनुकूल बनाउन यी अध्यादेशहरू सिफारिस गरिएको हो।

त्यस्तै केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सिफारिस गरिएको छ, जसअन्तर्गत २० वटा ऐन संशोधन हुनेछन् । भूमि, जग्गा नापजाँच, मालपोत, शिक्षा, वन, स्वास्थ्य, निजामती र बिमालगायतका कानुनमा देखिएका अवरोध हटाउन यो अध्यादेश सिफारिस गरिएको हो। साथै, सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको छ। यो अध्यादेश सार्वजनिक निकायमा राजनीतिक रूपमा नियुक्ति भई बहाल रहेका पदाधिकारीहरूलाई पदमुक्त गर्ने उद्देश्यले ल्याइएको हो । त्यसैगरी सार्वजनिक खरिदलाई समयसापेक्ष बनाउने उद्देश्यसहित सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधन गर्ने अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको जानकारी दाहालले दिनुभयो।

## पोखरा-जोमसोम मार्गमा हवाई यात्रुको संख्या घट्दो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १६ बैशाख

पोखरा-जोमसोम मार्गमा हवाई यात्रुको संख्या घट्दो क्रममा रहेको छ । अनुकूल याममा समेत उक्त मार्गमा हवाई यात्रुको संख्या घट्दो अवस्थामा रहेको पाइएको हो।

जोमसोम नागरिक उड्डयन कार्यालयकाका प्रमुख दीपक पोखरेलका अनुसार गत आव २०८१/८२ को साउनदेखि असार महिनासम्ममा २६ हजार ६४२ यात्रुले पोखरा-जोमसोम हवाई मार्गबाट सेवा लिएका थिए। गत वर्ष पोखराबाट जोमसोम १४ हजार १७२ र जोमसोमबाट पोखरा १२ हजार ४७० यात्रुले हवाई मार्ग प्रयोग गरेका थिए।

गत वर्ष तारा एयर र समिट एयरलाइन्सको टुइनेटर साना जहाजले पोखरा-जोमसोम र जोमसोम-पोखरा गरी दुई हजार ४०६ उडान भरेको प्रमुख पोखरेलले बताउनुभयो । चालु आव २०८२/८३ को साउनदेखि चैत महिनासम्ममा सात हजार ५८६ यात्रुले पोखरा-जोमसोम र जोमसोम-पोखरा हवाई सेवा प्रयोग गरेका उहाँले बताउनुभयो।

प्रमुख पोखरेलका अनुसार चालु वर्षको नौ महिनामा ६ हजार १०५ विदेशी र एक हजार ४८२ नेपाली यात्रुले हवाई सेवा प्रयोग गरेका छन् । चालु आवमा पोखराबाट जोमसोम जाने हवाई यात्रुको संख्या तीन हजार ७९ र जोमसोमबाट पोखरा उड्ने यात्रुको संख्या चार हजार ५३९ रहेको प्रमुख पोखरेलले बताउनुभयो । यसैगरी चालु आवको नौ महिनामा पोखरा-जोमसोम दुईतर्फी उडान संख्या ९७० रहेको छ । जोमसोम नागरिक उड्डयन कार्यालयको तथ्याङ्क अनुसार गत आवको तुलनामा चालु आवको नौ महिनामा ४०.३१ प्रतिशत मात्रै हवाई उडान भएको छ। गत आवको हवाई यात्रुको तुलनामा चालु आवको नौ महिनामा १९ हजार ५६ कम यात्रुले हवाई यात्रा गरेको तथ्याङ्क छ । पोखरा-जोमसोम हवाई उडान तथा यात्रुसंख्या बर्सेनि घट्दै गइरहेको जोमसोमस्थित तारा एयरलाइन्सका स्टेशन इन्चार्ज सुजन लालचनले बताउनुभयो। विगत वर्षमा पोखरा-जोमसोम दैनिक २५ उडानसम्म हुने गरेकामा पछिल्लो समय १० वटा उडान पनि हुन नसकेको उहाँको भनाइ छ । पर्यटकीय यामको समयमा मध्यपूर्वको द्वन्द्वले विदेशी पर्यटकको आमगन संख्या घटेकाले हवाई उडान समेत प्रभावित भएको उहाँको भनाइ छ । मध्यपूर्व द्वन्द्वले हवाई इन्धनको मूल्य

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मानव सेवा आश्रममा आर्थिक संकलन सहित आध्यात्मिक महायज्ञ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

मानवीय सेवामा समर्पित मानव सेवा आश्रम, पोखराले निर्माणाधीन संरचनाहरूलाई पूर्णता दिन आर्थिक संकलनसँगै आध्यात्मिक जागरण फैलाउने उद्देश्यले विशेष महायज्ञ आयोजना गर्ने तयारी गरेको छ।

यही वैशाख १९ गतेदेखि २६ गतेसम्म सञ्चालन हुने श्रीमद् भागवत सप्ताह ज्ञान-विज्ञान महायज्ञमार्फत करिब ४ करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखिएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

पोखरा-२५ हेम्जास्थित बाबियातहरामा अवस्थित आश्रम परिसरमा हुने उक्त महायज्ञमा वालवालिका देखि बृद्धसम्म गरी सबै उमेर समूहका सहभागीलाई केन्द्रमा राखेर कार्यक्रमहरू तय गरिएका छन्। विद्यार्थीदेखि बृद्धबृद्धासम्मलाई समेट्ने गरी धार्मिक, सांस्कृतिक तथा सामाजिक गतिविधिहरू सञ्चालन गरिने भएको हो।

महायज्ञबाट संकलित रकम आश्रमको निर्माणाधीन भवन सम्पन्न गर्न, लक्ष्मीनारायण मन्दिरलाई पूर्णता दिन, मुक्तिनाथ सेवा धर्मशाला निर्माण तथा अक्षयकोष विस्तारमा खर्च गरिने लक्ष्य राखिएको आश्रमका अध्यक्ष रामजी अधिकारीले जानकारी दिनुभएको छ। कार्यक्रम अवधिभर कथा वाचनसँगै शोभा कलश यात्रा, भजन-कीर्तन, सांस्कृतिक झाँकी, योग शिविर तथा निःशुल्क स्वास्थ्य शिविर जस्ता गतिविधिहरू सञ्चालन गरिनेछन्। साथै पञ्चायन पूजा, तुलादान, ग्रहशान्ति र पितृ उद्धार जस्ता धार्मिक अनुष्ठानहरू पनि समावेश गरिएका छन् । बिहान भजन प्रतियोगिता, दिउँसो कथा प्रवचन र साँझ सांस्कृतिक कार्यक्रमको तालिका तय गरिएको छ । भागवत भाष्कर कमलनयन गौतमले दैनिक कथा वाचन गर्नुहुने छ भने जसका लागि उहाँले कुनै पारिश्रमिक नलिने प्रतिबद्धता जनाउनुभएको आश्रम श्रोतले जनाएको छ । हाल मानव सेवा आश्रमले देशका २३ जिल्लामा ३४ सेवा केन्द्रमार्फत करिब २ हजार २ सय सहयोगापेक्षी नागरिकलाई सेवा प्रदान गर्दै आएको छ। पोखराका दुई केन्द्रमा मात्रै करिब ३ सय जना आश्रित रहनु भएको छ । करिब ८ करोड रुपैयाँ लागतमा निर्माण भइरहेको आश्रमको संरचना अझै पूर्ण नभएकाले बाँकी करिब ४ करोड बराबरको काम सम्पन्न गर्न महायज्ञमार्फत आवश्यक स्रोत जुटाउने लक्ष्य लिइएको छ। यसमा पोखरा महानगर र गण्डकी प्रदेश सरकारले एक /एक करोड भन्दा बढी सहयोग प्राप्त भएको छ भने अन्य विभिन्न दाताबाट सहयोगमा विभिन्न भौतिक संरचना निर्माण भएका हुन् ।

यसैबीच, आध्यात्मिक योग विज्ञान शिविर पनि सञ्चालन हुने भएको छ, जहाँ एकैपटक ५ सय जनासम्म सहभागी हुन सक्ने व्यवस्था मिलाइएको छ। वरिष्ठ योग प्रशिक्षक ललित शंकर योगीले शिविरको सहजीकरण गर्ने कार्यक्रम तय गरिएको सामाजिक अभियान्ता सुस्मा पौडेलले बताउनु भयो। मानवता प्रवर्द्धनको उद्देश्यले आयोजना गरिएको यस महायज्ञमा सक्रिय सहभागिता जनाउन आश्रमले आवहान गरेको छ।

## कांग्रेसद्वारा उम्मेदवारविरुद्ध उम्मेदवारी दिनेलाई पाँच दिनको स्पष्टीकरण

**रासस**
काठमाडौं १६ बैशाख

नेपाली कांग्रेसले प्रतिनिधिसभाको निर्वाचनमा पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध असहयोग गर्ने विभिन्न सदस्यहरूलाई पाँच दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ।

पार्टीको केन्द्रीय अनुशासन समितिको आज बसेको बैठकले पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध असहयोग गर्ने व्यक्तिहरूलाई समितिमा स्पष्टीकरण पेस गर्न पत्राचार गर्ने निर्णय गरेको हो। समितिका संयोजक तारामान गुरुङको संयोजकत्वमा बसेको बैठकले पार्टीका महासमिति सदस्य एवं लुम्बिनी प्रदेशका वनमन्त्री देवकरणप्रसाद कलवार (सन्तु), पूर्वकेन्द्रीय सदस्य एवं कोशी प्रदेशका मन्त्री प्रदीप सुनुवार, लुम्बिनी प्रदेशका यातायात तथा पर्यटनमन्त्री प्रचण्डविक्रम न्यौपानेलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको हो । त्यस्तै पार्टीको प्रदेश उपसभापति एवं लुम्बिनी प्रदेशका प्रदेशसभा सदस्य राजु खनाल तथा प्रदेश सदस्यहरू जङ्गीलाल राय, सकुन्तीदेवी महरा र कौशलकिशोर रायलाई स्पष्टीकरण सोध्ने निर्णय गरेको पार्टीका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो।

## पोखरा स्पोर्ट्स अवार्ड: नौ विधामा अवार्ड प्रदान गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा आगामी वैशाख ३१ गते दशौँ संस्करणको पोखरा स्पोर्टस् अवार्ड हुने भएको छ।

मञ्चले बुधबार पोखरामा पत्रकार सम्मेलन आयोजना गरी गण्डकी प्रदेशका खेलकुद क्षेत्रका उत्कृष्ट प्रतिभालाई सम्मान गर्ने उद्देश्यसहित आयोजना हुँदै आएको अवार्डको तयारी अघि बढाइएको जनाएको हो।


मञ्चका अध्यक्ष एमवि आस्था मगरले यस वर्ष नौ विधामा अवार्ड प्रदान गरिने बताउनुभयो । मञ्चले खेलाडीहरूको मनोबल उच्च राख्न र खेलकुद क्षेत्रको समग्र विकासमा टेवा पुऱ्याउन यस्तो अवार्ड कार्यक्रमलाई निरन्तरता दिइएको जनाएको छ।

स्पोर्टस् अवार्डमा वर्ष खेलाडी (पुरुष र महिला), पिपुल्स च्वाइस अवार्ड, लाइफ टाइम अचिभमेन्ट अवार्ड, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल सङ्घ/संस्था वा क्लब, स्पेशल अवार्ड र उत्कृष्ट खेल पत्रकार अवार्ड समावेश छन् । वर्ष उत्कृष्ट खेलाडी महिला र पुरुषले एक/एक थान स्कुटर पुरस्कार पाउनेछन् । "पोखरा स्पोर्टस् अवार्ड गण्डकी प्रदेशकै ब्राण्ड बनेको छ । खेलकुद क्षेत्रको विकासमा योगदान गर्नेहरूलाई अझ बढी उत्प्रेरित र प्रोत्साहित गर्नका लागि कार्यक्रमले योगदान पुग्नेछ ।" अध्यक्ष मगरले भन्नुभयो । यसैगरी यसपटक 'पिपुल्स च्वाइस' र 'स्पेशल अवार्ड'थप गरिएको मञ्चले जनाएको छ। 'पिपुल्स च्वाइस अवार्डका लागि पाँच जना खेलाडीहरूको मनोनयन सार्वजनिक भई भोटिङ प्रक्रिया समेत जारी रहेको छ।

यस विधामा मनोनयनमा पर्ने खेलाडीहरूमा फुटबलका दीप कार्की, एथलेटिक्सकी नारायणी भण्डारी, भलिबलका राजन दर्लामी, क्रिकेटका विपिन खत्री र मुवाथाई/आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा रहनुभएको छ।

विगत एक वर्षभरिको प्रदर्शनका आधारमा मनोनयनमा परेका खेलाडीहरूबीच 'पिपल्स च्वाइस अवार्ड' का लागि प्रतिस्पर्धा हुनेछ । मञ्चका अनुसार यसको विजेता अनलाइन भोटिङमार्फत घोषणा गरिनेछ। जसका लागि खल्ती एपमार्फत देश तथा विदेशमा रहेकाहरूले भोट गर्न पाउने छन् । जसको सबैभन्दा बढी भोट आउँछ उसैले विजेता बनेर अवार्ड प्राप्त गर्नेछ। मनोनयनमा परेका खेलाडीहरूका लागि सोमबारदेखि भोटिङ सुरु भएको छ । आफूलाई मन परेको खेलाडीलाई भोटिङ गर्न सकिने छ। यस विधामा उत्कृष्ट खेलाडीले एक थान स्कुटर पुरस्कार पाउनेछन् ।

अवार्डका लागि गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा महानगरपालिका, अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, मादी गाउँपालिका, रूपा गाउँपालिकालगायतले सहयोग गरेको मञ्चका महासचिव पर्शुराम शर्माले जानकारी दिनुभयो । विसं २०५७ मा कास्कीबाट स्थापना भई हाल गण्डकी प्रदेशस्तरमा विस्तार भएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले विसं २०७२ देखि नियमित रूपमा स्पोर्टस् अवार्ड आयोजना गर्दै आएको छ।



# पाँच दिने राष्ट्रिय ह्याण्डबल रेफ्रि प्रशिक्षण सुरू

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख




पोखरामा राष्ट्रिय ह्याण्डबल ह्याण्डबल रेफ्रि प्रशिक्षण सुरू भएको छ । नेपाल ह्याण्डबल संघको आयोजना, बुढानिलकण्ठ नगर पालिकाको सहकार्य एवं गण्डकी प्रदेश ह्याण्डबल संघको व्यवस्थापनमा सो प्रशिक्षण कार्यक्रम सुरू भएको हो ।

पोखरा रंगशालास्थित बहुउद्धेश्यिय कभर्डहलमा बुधबार आयोजित एक कार्यक्रमका बीच जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरूङले सो प्रशिक्षण कार्यक्रमको शुभारम्भ गरे । सो अवसरमा उनले पछिल्लो समयमा ह्याण्डबलका गतिविधि बढ्नुले पनि यहाँको खेलकुद चलायमान बनाउन सहयोग पुगेको जनाउँदै दक्षिण एशियामा उत्कृष्ट नेपाली ह्याण्डबल खेलको विकासका लागि रेफ्रि प्रशिक्षणले महत्व राख्ने जनाए । कार्यक्रममा नेपाल ह्याण्डबल संघका महासचिब एवं गण्डकी ह्याण्डबल संघका अध्यक्ष केशव पाठकले नेपाली ह्याण्डबल खेलको विकासका लागि रेफ्रि प्रशिक्षणको महत्वपूर्ण रहेको जनाउँदै लामो समय पछि हुन लागेको यो प्रशिक्षणले ह्याण्डबल खेललाई निश्पक्ष रुपमा सञ्चालनका लागि उत्तिकै प्रभावकारी रहेको जनाए ।

कार्यक्रमका प्रमुख प्रशिक्षक भारतिय मुख्य प्रहिक्षक अनुप सिंहले ह्याण्डबल खेललाई लोकप्रिय खेलको रुपमा स्थापित गर्न प्रशिक्षण प्रभावकारी हुने बताउँदै पाँच दिने प्रशिक्षणले नेपाली ह्याण्डबल रेफ्रिहरुलाई बहुआयमिक विषयहरुमा चर्चा गर्दै प्रशिक्षण दिने बताए ।

पाँच दिने राष्ट्रिय ह्याण्डबल रेफ्रि प्रहिक्षण मित्रराष्ट्र भारतका मुख्य प्रशिक्षकद्वय अनुप सिंह र तेजविर सिंहले प्रशिक्षण दिने कार्यक्रम रहेको छ । उनीहरु दुबै जना एनआइएस पटियलामा महत्वपूर्ण पदमा समेत आशिन छन् । तेजविर एनआइएस पटियालाका सिनियर कार्यकारी निर्देशक हुन् भने अनुप हरियाणा स्पोर्ट्सका निर्देशक हुन् ।

रेफ्रि प्रशिक्षणमा सातै प्रदेश, विभागिय तथा विभिन्न जिल्लाका गरी ३० जनाको सहभागिता रहेको छ। प्रशिक्षण बैशाख २० गते सम्पन्न हुनेछ ।

# पोखरामा पहिलो पटक महिला गोल्डक

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख




पोखरामा हुन लागेको महिला गोल्डकप फुटबल प्रतियोगितामा कुल चार क्लबले सहभागिता जनाउने भएका छन् ।

आर एस फुटबल क्लबको आयोजनामा शुक्रबार बाट हुने गोल्डकपमा चार क्लबले सहभागिता जनाएका हुन् । गोल्डपको तयारी बारे जानकारी दिन बुधबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै क्लबका अध्यक्ष रमेश कार्कीले प्रतियोगिताको तयारी पुरा भएको सुनाए । प्रतियोगितामा आयोजक आरएस पोखरा फुटबलसहित, नेपाल पुलिस क्लब, संकटा क्लब र त्रिभुवन आर्मी क्लबको सहभागिता रहेको छ । प्रतियोगिताको उद्घाटन खेलमा आयोजक र नेपाल पुलिस क्लब भिड्नेछन् । शनिबार संकटा र त्रिभुवन आर्मी क्लब भिड्ने छन भने आइतबार फाइनल खेल हुनेछ । पोखरामा यस अघि महिलाको गोल्डकप हुन सकेको थिएन् । महिला फुटबलको विकासका लागि स्थापित आरएसले पोखरालाई महिला फुटबल दिएको हो । 'पछिल्लो समय महिला फुटबलको लोकप्रियताले उचाई लिइरहेको सर्वविदितै छ । नेपाली राष्ट्रिय महिला फुटबल टिमको खेल र ती खेलमा दर्शकहरूको उपस्थिति पनि यसलाई प्रष्ट पार्छ' उनले भने, 'महिला फुटबलमा गण्डकी प्रदेश पछि परिरहेको छ । साम्बा, विमाला विक जस्ता प्रतिभावान खेलाडी जन्माउने गण्डकी प्रदेशमा महिला गोल्डकप नहुनु भनै दुखद् पक्ष हो । हामीले अब महिला फुटबलको प्रवर्द्धन तथा विकास गर्नुपर्छ भनेर कदम चालेका छौं ।' पहिलो संस्करण भएकाले धेरै चुनौति रहेको उनले बताए । क्लबले हालैमात्र एन्फाको आयोजनामा भएको महिला लिग छनोटमा सहभागिता जनाएको थियो । क्लबको अबको मुख्य योजना नै राष्ट्रिय उपाधि जित्ने र प्रतिभाशाली युवा खेलाडीहरूलाई खेलसँगै शिक्षाको अवसर प्रदान गर्ने रहेको रहेकाले प्रतियोगिताको आयोजना गर्न लागेको सुनाए । 'हामीले पहिलो पटक पोखरा रंगशालामा प्रथम महिला पोखरा गोल्ड कप आयोजना गर्ने तयारी गरेका छौं । अवसर र चुनौति दुवै छन् त्यसलाई पार गर्दै अघि बढ्नेछौं' उनले थपे । बैशाख १८ देखी २० सम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले नगद पाँच लाख रुपैयाँको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । उपविजेताले तीन लाख रुपैयाँ प्राप्त गर्नेछ । यस्तै उत्कृष्ट खेलाडीले ३० हजार, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्ताले समान १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । अनुसासित टिमले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# फेवा जलाधार ब्यवस्थापकीय कार्ययोजना कार्यान्वयन गर्ने निर्णय

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख



नेपाल सरकारले २०८२ चैत्र १३ गते जारि गरेको १०० बुंदे शासकीय सुधार कार्यक्रमको बुँदा न ७६ मा उल्लेख गरेको फेवा संरक्षित जलाधार ब्यबस्थापकीय कार्ययोजना कार्यान्वयन शुरु गर्ने निर्णय गरिएको छ।

जिल्ला भु तथा जलाधार संरक्षण समिति कास्कीको १४ औं बैठकले सो निर्णय गरेको हो । समितिका संयोजक एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न बैठकले नव गठित सरकारले फेवा संरक्षित जलाधार क्षेत्रको प्रभाबकारी संरक्षण तथा ब्यबस्थापनको बिषयलाई उच्च महत्व दिई शासकीय सुधारको १०० बुंदे कार्ययोजनामा समाबेश गरेकोमा धन्यबाद ज्ञापन गरेको छ। बृहत जलाधार ब्यबस्थापन केन्द्र गण्डकीले तयार पारेको फेवा संरक्षित जलाधार क्षेत्र ब्यबस्थापकीय कार्ययोजना (२०२२-३१) लाई अद्धयाबधिक तथा परिमार्जन सहित कार्यान्वयन गर्ने सुझाब समेत दिइएको समितिका संयोजक लिलाधर पौडेलले बताउनुभयो।

यस अघि बन तथा भू संरक्षण बिभागका उप महानिर्देशक उद्धब बहादुर घिमिरेको संयोजकत्वमा गठित कार्यदलले फेवा जलाधार क्षेत्रको स्थलगत अध्ययन गरि जिल्ला भु तथा जलाधार संरक्षण समिति कास्कीका पदाधिकारी तथा सरोकारवाला निकायहरूबीच अन्तरक्रिया सम्पन्न गरेको थियो ।

अन्तरक्रिया कार्यक्रममा भू तथा जलाधार बिज्ञ रामदीप थापाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्र उपर बिज्ञ सदस्य डा. प्रेम पौडेल,साबिक जिल्ला बिकास समिति कास्कीका सभापाति पुण्य प्रसाद पौडेल, पोखरा उपत्यका नगर बिकास समितिका पूर्व अध्यक्ष विश्व प्रकाश लामिछाने, नागरिक समाजका अगुवा राम बहादुर पौडेल सहितका सरोकारवालाहरूले टिप्पणी तथा सुझाब दिनुभएको थियो ।

# पोखरा ...

बढेकाले हवाई भाडादर वृद्धि भएका कारण पनि हवाई यात्रु घट्न थालेको इन्चार्ज सुजन लालचनले बताउनुभयो ।

यसैगरी उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक सहज हुँदै जान थालेकाले पोखरा-जोमसोम र जोमसोम-पोखरा हवाई यात्रु घट्दो अवस्थामा पुगेको इन्चार्ज लालचन बताउनुहुन्छ । जोमसोम विमानस्थलमा तारा एयर र समिट एयरका दुई वायु सेवा कम्पनीले दैनिक १० नियमित उडान भर्ने गरेका छन् । सोभन्दा बढी उडान भर्नुपरेमा सम्बन्धित वायु सेवा कम्पनीले चार्टर उडानका लागि नेपाल नागरिक उड्यन प्राधिकरणसँग अनुमति लिनुपर्ने हुन्छ । मुस्ताङको धार्मिकस्थल मुक्तिनाथ र उपल्लो मुस्ताङ जाने पर्यटकलाई लक्षित गर्दै पोखरा र काठमाडौंबाट हेलिकोप्टरमार्फत चार्टर उडानसमेत हुँदैआएको जोमसोम नागरिक उड्डयन कार्यालयले जनाएको छ ।

# मनास्लु क्षेत्रमा पुगे १५ हजार पर्यटक

**पोखरापत्र संवाददाता**
गोरखा, १६ बैशाख

प्रसिद्ध पर्यटकीय क्षेत्र मनास्लुमा अहिलेसम्मकै धैरै पर्यटक पुगेका छन् ।

यस क्षेत्रको व्यवस्थापनको जिम्मा लिएको मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)का अनुसार गत वर्ष २०८२ मा करिब १५ हजार जना पर्यटकले सो क्षेत्रको भ्रमण गरेका हुन् । विदेशी र स्वदेशी गरी १४ हजार ८९९ जना पर्यटकले यस वर्ष मनास्लु आरोहण गरेका एमक्यापका सूचना अधिकारी भुवन ओझाले जानकारी दिनुभयो ।

"२०८१ सालमा १० हजार ४२३ जनाले मनास्लु भ्रमण गरेका थिए । २०८१ को तुलनामा २०८२ मा चार हजार ४७६ जना पर्यटकको सङ्ख्या वृद्धि भएको छ", उहाँले भन्नुभयो, "हरेक महिनाको पर्यटक सङ्ख्या तुलना गर्दा अघिल्लो वर्षभन्दा २०८२ मा बढेको देखिन्छ ।



मकैको सुलीः तनहुँको व्यास नगरपालिका १०,दुम्सीका स्थानीयको घरमा राखिएको मकैको सुली। घुन, पुतली र कीरा लाग्नबाट जोगाउन मकै सुली बनाएर राखिएको हो । तस्बिरः राधिका कँडेल/रासस

# हुरी तथा चट्याङसहितको वर्षाले हिउँदे बालीमा क्षति

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

पोखरामा केही दिनयता आएको हुरी तथा चट्याङसहितको वर्षाले हिउँदेबालीमा क्षति पुर्‍याएको छ ।

पोखरा र आसपासका क्षेत्रमा समान्यतः हरेक दिन साँझ हुरी तथा चट्याङसहितको वर्षाले विशेषगरी लहरे तरकारी, मकैबाली आदिमा क्षति पुर्‍याएको किसान बताउँछन् ।

पन्ध्र दिनअघि आएको असिनाका कारण तरबुजा, काँक्रोजस्ता लहरे बालीमा क्षति पुर्‍याएकामा केही दिनयता आउन थालेको हुरी तथा चट्याङसहितको पानीले तरकारीखेतीसँगै पशुधनमा समेत क्षति पुगेको पोखरा-३३ सुरौदीमा सञ्चालित तिखेढुङ्गा पशुपालन तथा कृषि फार्मका सञ्चालक रमेश आचार्यले जानकारी दिनुभयो ।

मङ्गलबार दिउँसोको हुरीसहित चट्याङ पर्दा फार्ममा पालिएको भैँसीको मरेको उहाँले बताउनुभयो । कृषिमा केही गरौँ भनेर लागे पनि प्रकृतिजन्य जोखिमले आफूहरू समयसमयमा मर्कामा पर्ने गरेको जनाउँदै उहाँले किसानको पीडालाई राज्यले बुझ्नुपर्ने बताउनुभयो ।

# ताराखोलाको चिया मुलुककै उत्कृष्ट

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ बैशाख

यहाँको ताराखोला गाउँपालिकामा उत्पादित चियाले गुणस्तरमा नयाँ कीर्तिमान कायम गरेको छ ।

चिया दिवसको अवसरमा गत मङ्गलबार इलाममा सम्पन्न 'टि टेस्टिङ' प्रतियोगितामा ताराखोला गाउँपालिका-१ सिरुबारीस्थित गोल्डेन टि इस्टेट प्रालिका दुई प्रकारका चियाले प्रथम स्थान हासिल गरेका छन् । राष्ट्रिय चिया तथा कफी विकास बोर्डले आयोजना गरेको प्रतियोगितामा जम्मा चार विधामा सम्पन्न स्वाद परीक्षण प्रतियोगितामा उक्त उद्योगले दुई विधामा बाजी मारेको हो । नेपालमा ४५ कम्पनीका चियाले प्रतिस्पर्धामा भाग लिएका थिए । ग्रिनिस अर्थोडक्स, गोल्डेन टि, ह्वाइट टि र ग्रिन टि विधामध्ये ग्रिनिस अर्थोडक्स र गोल्डेन टि प्रथम भएको चियाकफी विकास बोर्ड पोखराका नगेन्द्र सुवेदीले जानकारी दिनुभयो । कम्पनीका सञ्चालक शिशिर घर्तीमगरले ताराखोलाको चिया उत्कृष्ट बन्नु गौरवको विषय भएको बताउनुभयो । उहाँले ताराखोलामा करिब १०० रोपनी क्षेत्रफलमा चियाखेती गर्नुभएको छ । समुद्र सतहदेखि करिब दुई हजार २०० देखि दुई हजार ४०० मिटर उचाइमा फैलिएको चिया बगानमा उत्पादित यी चियाले उच्च गुणस्तर र विशिष्ट स्वादका कारण उत्कृष्टता हासिल गरेको बताइएको सुवेदीले बताउनुभयो ।

# मनास्लु क्षेत्रमा पुगे १५ हजार पर्यटक

**पोखरापत्र संवाददाता**
गोरखा, १६ बैशाख

प्रसिद्ध पर्यटकीय क्षेत्र मनास्लुमा अहिलेसम्मकै धैरै पर्यटक पुगेका छन् । यस क्षेत्रको व्यवस्थापनको जिम्मा लिएको मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)का अनुसार गत वर्ष २०८२ मा करिब १५ हजार जना पर्यटकले सो क्षेत्रको भ्रमण गरेका हुन् ।

विदेशी र स्वदेशी गरी १४ हजार ८९९ जना पर्यटकले यस वर्ष मनास्लु आरोहण गरेका एमक्यापका सूचना अधिकारी भुवन ओझाले जानकारी दिनुभयो। "२०८१ सालमा १० हजार ४२३ जनाले मनास्लु भ्रमण गरेका थिए। २०८१ को तुलनामा २०८२ मा चार हजार ४७६ जना पर्यटकको संख्या वृद्धि भएको छ", उहाँले भन्नुभयो, "हरेक महिनाको पर्यटक संख्या तुलना गर्दा अघिल्लो वर्षभन्दा २०८२ मा बढेको देखिन्छ। यसले मनास्लु क्षेत्रको पर्यटन सुधार भएको सङ्केत गर्दछ ।" वैशाख, जेठ, असोज र कात्तिक महिनामा सबैभन्दा धेरै पर्यटक आएका एमक्यापले जनाएको छ । असार, साउन र माघजस्ता बेमौसमका महिनामा पनि पर्यटक संख्या उल्लेखनीय वृद्धि भएको देखिएको ओझाको भनाइ छ । अन्य सबै महिनामा वृद्धि भए पनि चैत महिनामा भने पर्यटक संख्या घटेको देखिन्छ । अमेरिका, इजरायल, इरान तथा अरवी मुलुकहरूमा विद्यमान युद्ध बढ्दो तनावका कारण विश्वव्यापी पर्यटन प्रभावित भएको एमक्यापको निष्कर्ष छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।

– थोमस फुलर

## सम्पादकीय

# विपद् विरुद्ध सबै मिलेर लडौं

मध्य बैशाखमा न्यानो कपडा लगाउनुपर्ने भको छ । मनसुन शुरु नहुँदै दिनहु पानी परिरहेको छ। पानी पर्ने र हावाहुरी चल्ने क्रम निरन्तर छ। हावाहुरी र वर्षासँगै चट्याङ पर्ने गरेको हामीले भोग्दै आएका छौं । नहुँदाल स्फोजस्ता विपद्का घटना बर्सेनि बढ्दै गएका छन् । यस्तो अवस्थामा विपद् आएपछि के गर्ने भन्ने भन्दा पनि विपद् अगाडि नै तयारी गर्नुपर्दछ। जसले आर्थिक तथा मानवीय क्षति न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्दछ । नेपाल विपद्का सन्दर्भमा विश्वका सबैभन्दा जोखिमयुक्त मुलुकमध्ये एक मानिन्छ। जहाँ ८० प्रतिशतभन्दा बढी क्षति जलजन्य विपत्तिबाट हुने गरेको छ । हालैका वर्षहरूमा मात्रै बाढी र पहिरोका कारण सयौं मानिसको ज्यान गएको छ। ०८१ को असार साउनमा परेको अत्यधिक वर्षाले २ सय ४४ जनाको मृत्यु हुनुका साथै १९ वटा प्रमुख सडकमा क्षति पुऱ्याएको थियो। ०८२ को सोही अवधिमा मृतकको संख्या कम भए पनि सडक अवरोधले नागरिकले निकै सास्ती पाउनु परेको थियो ।

अहिले पनि काभ्रेपलाञ्चोक रोशी खोलामा आएको बाढीबाट वी.पी राजमार्ग पटकपटक अबरुद्ध हुँदै आएको छ। मध्य पहाडी लोकमार्गका विभिन्न खण्ड अवरुद्ध भएका समाचार आएका छन । विपद्को सबैभन्दा प्रत्यक्ष असर सडक सञ्जालमा देखिन्छ । नेपालका प्रमुख महेन्द्र, बीपी, पृथ्वी, सिद्धार्थ, मध्यपहाडी राजमार्गहरू लगातार अवरुद्ध हुने क्रम बढ्दो छ । बीपी राजमार्गमा अहिले नै प्राकृतिक अवरोध सुरु भइसकेको छ। कैयौं यात्रुहरू अलपत्र परेका छन् । महेन्द्र राजमार्गको दाउन्ने, सिद्धार्थ राजमार्गको बुटवल तानसेन, पृथ्वी राजमार्गको मुग्लिन खण्डमा हुने अवरोधले मुलुककै आवागमनमा प्रभावित पारेको विगतका अनुभव छन् । २०८१ को मनसुनमा मात्रै देशभर ४१ राष्ट्रिय राजमार्गमा ८ सय १४ पटक अवरोध भएको तथ्याङ्कले अवस्था कति भयावह छ भन्ने देखाउँछ। यसले यात्रु मात्र होइन, आपूर्ति प्रणाली, उद्धार कार्य र समग्र अर्थतन्त्रमा समेत गम्भीर असर पारिरहेको छ ।

अहिले बर्खा सुरु नहुँदै सडक अवरुद्ध हुने क्रम सुरु भइसकेको छ । यो सामान्य घटना होइन, आगामी दिनमा ठूलो विपत्तिको संकेत हो । 'विपद् बाजा बजाएर आउँदैन' भन्ने उक्ति यथार्थमा झन् सान्दर्भिक हुँदै गएको छ । तर, विडम्बना, नेपालमा अझै पनि विपद् व्यवस्थापन प्रतिक्रियामूलक छ, घटना भएपछि मात्रै सक्रिय हुने प्रवृत्ति बलियो छ। अब पूर्वतयारीमा केन्द्रित रणनीति आवश्यक छ । बाढी र पहिरोबाट प्रभावित हुने सम्भावित क्षेत्रहरूको पहिचान, जोखिम नक्सांकन, कमजोर सडक खण्डहरूको सुदृढीकरण, ढल-निकास व्यवस्थापन, नदी नियन्त्रण र समयमै चेतावनी प्रणाली विकास अपरिहार्य भइसकेको छ । हिमाली क्षेत्रमा हिमतालहरूको निगरानी र सम्भावित विस्फोट रोकथामका उपायहरू पनि उत्तिकै आवश्यक छन् ।

विपद् व्यवस्थापन केवल उद्धार र राहतमा सीमित हुनुहुँदैन। पूर्वाधार निर्माणमै जोखिम न्यूनीकरणलाई प्राथमिकता दिनुपर्छ । अहिले सडक निर्माणमा भू-प्राविधिक अध्ययन कमजोर हुने, ढल निकासको उचित व्यवस्था नहुने र वातावरणीय प्रभाव मूल्यांकनलाई औपचारिकतामा सीमित गर्ने प्रवृत्तिले विपद् जोखिम झन् बढाएको छ। साथै, स्थानीय तहलाई सशक्त बनाउँदै समुदायस्तरमै विपद् तयारी आवश्यक छ । जनचेतना, तालिम, पूर्वसूचना प्रणाली र स्थानीय स्रोत-साधनको परिचालनले क्षति न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्छ। सरकारले नीतिगत रूपमा विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकता दिएको देखिए पनि कार्यान्वयन पक्ष अझै कमजोर छ । बजेट विनियोजन, संस्थागत समन्वय र प्राविधिक क्षमतामा सुधार नगरेसम्म नीति कागजमै सीमित रहने गरेको छ । जलवायु परिवर्तनले विपद्का घटना बढाइरहेको छ र नेपाल त्यसको केन्द्रमा उभिएको छ । यस्तो अवस्थामा समयमै तयारी नगर्ने हो भने भोलिको क्षति नियन्त्रण बाहिर जान सक्छ। त्यसैले अब सरकार, निजी क्षेत्र र नागरिक सबैले मिलेर विपद् विरुद्धको तयारी थालिहाल्नु जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# देवघाटका गुरुकूल शिक्षामा विद्यार्थीको आकर्षण



**पोखरापत्र संवाददाता**
दमौली, १६ बैशाख

तनहुँको देवघाट गाउँपालिकामा सञ्चालित गुरुकुलमा विद्यार्थीको आकर्षण बढेको छ । यहाँ रहेका विभिन्न गुरुकूलमा अध्ययनका लागि विद्यार्थीको आकर्षण बढेको हो ।

देवघाट गाउँपालिका-५ स्थित श्रीहरिहर सन्यास आश्रमले सञ्चालन गरेको परमानन्द संस्कृत गुरुकूल विद्यापिठमा ३० जनाका लागि भर्ना खुलाउँदा १८९ जनाले प्रवेश परीक्षाका लागि फारम भरेका छन् । विद्यापीठमा प्रवेश परीक्षामार्फत ३० जना विद्यार्थी छनोट गरिएको सहायक प्राचार्य कृष्णदेव पाण्डेले जानकारी दिनुभयो। पछिल्ला वर्षहरुमा संस्कृत शिक्षा वा गुरुकूल शिक्षामा अभिभावक तथा विद्यार्थीको आकर्षण बढ्न थालेको उहाँको भनाइ छ । देवघाटका गुरुकूलहरु देशमै ख्याति प्राप्त रहेको कारण देशका अन्य गुरुकूलभन्दा देवघाटका गुरुकूलमा विद्यार्थीको आकर्षण बढ्ने गरेको उहाँले बताउनुभयो । विगतमा संस्कृत अध्ययनका लागि भारतको बनारस र बृन्दावन जाने प्रचलन थियो । भारतमा संस्कृतको उच्च शिक्षा लिने र नेपाल फर्केर पुराणलगायतका धार्मिक अनुष्ठानको नेतृत्व गर्ने कुरा अहिले पनि सामान्य लाग्छ । तर, समयको परिवर्तनसँगै नेपालमा संस्कृत पढ्न भारतबाट बटुकहरु आउन थालेको उहाँले उल्लेख गर्नुभयो । सोही वडास्थित महेश संस्कृत गुरुकूलले ३२ जना विद्यार्थीको लागि आवेदन खुलाउँदा २५० भन्दा बढी प्रवेश परीक्षामा सहभागी भएका छन् । देवघाटमा रहेका तीनवटा गुरुकूलले कक्षा ६ मा प्रत्येक वर्ष २५ देखि बढीमा ३५ जनासम्म विद्यार्थी भर्ना गर्ने गरेको छ । केही वर्षयता गुरुकूलमै बसेर संस्कृत पढ्न चाहनेहरुको सङ्ख्या बढिरहेको महेश संस्कृत गुरुकूलका प्रधानाचार्य फणिन्द्रप्रसाद पौडेलले बताउनुभयो। उक्त गुरुकूलले प्रत्येक शैक्षिक सत्रमा बढीमा ३२ जना मात्र विद्यार्थी भर्ना गर्ने गरेको छ। खान, बस्न र पढ्न कुनै शुल्क नलाग्ने भएकाले अभिभावकहरुको रोजाइ गुरुकूल हुने गरेको छ । त्यसबाहेक संस्कृत भाषा र हिन्दू धर्मप्रतिको बढ्दो आकर्षणले विद्यार्थीहरु गुरुकुल आउने पौडेलको भनाइ छ। देवघाटमा सञ्चालित सबै गुरुकूलहरु दाताको भरमा नै सञ्चालन हुँदै आएका छन्। राष्ट्रियता तथा विश्वबन्धुत्वको भावना विकास गर्नका लागि सनातन धर्म, संस्कार र आर्य संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा संस्कृत शिक्षाको आवश्यकतालाई मध्यनजर गरी संस्कृत ज्ञान विज्ञानको प्रचारप्रसार गर्ने उद्देश्यले तीन गुरुकूलहरु सञ्चालित छन् । गुरुकूलहरुले बटुकलाई सनातन धर्म, संस्कार र संस्कृतिका बारेमा ज्ञान दिँदै आएका छन् । देवघाटमा बटुकका लागि महेश सन्यास आश्रमद्वारा सञ्चालित महेश संस्कृत गुरुकूल, गलेश्वर आश्रमले सञ्चालन गरेको वेद वेदाङ्ग संस्कृत गुरुकूल, हरिहर आश्रमले सञ्चालन गरेको परमानन्द संस्कृत गुरुकूल र बालिकाहरुको लागि माताजीले सञ्चालन गरेको माँ कल्याणी बैदिक कन्या गुरुकूल सञ्चालनमा छन् । देवघाटमा सञ्चालित सबै गुरुकूलमा करिब ७०० बटुक अध्ययनरत छन् । प्रत्येक गुरुकूलमा करिब २२५ देखि ७५ सम्म बटुक अध्ययनरत छन् । महेश संस्कृत गुरुकूलमा शास्त्री र आचार्य (स्नातक र स्नातकोत्तर) पढाइ भइरहेको छ । परमानन्द संस्कृत गुरुकूलमा आचार्यसम्मको पठनपाठन सुरु गरिएको छ। त्यस्तै वेद वेदाङ्गमा शास्त्री तहसम्मको पढाइ हुन्छ । ती सबै गुरुकूलले राष्ट्रिय परीक्षा बोर्डबाट सम्बन्धन प्राप्त गरी परीक्षामा सहभागी गराउँदै आएका छन् । शास्त्री तथा आचार्य तहका लागि नेपाल संस्कृत विश्वविद्यालय दाङबाट सम्बन्धन प्राप्त गरी अध्यापन भइरहेको छ।

# पर्वतको लुङ्खु- हुवास सडक कालोपत्र सम्पन्न

**पोखरापत्र संवाददाता**
पर्वत, १६ बैशाख

जिल्लाको दक्षिणी क्षेत्रलाई सदरमुकाम कुश्मासँग जोड्ने लुङ्खु-हुवास सडक कालोपत्र सम्पन्न भएको छ।

महाशिला गाउँपालिका-५ लुङ्खुदेखि पैयूँ गाउँपालिकाको हुवासस्थित हातेमालो चोकसम्म करिब १५ किलोमिटर सडक निर्माण सुरु भएको ६ वर्षपछि कालोपत्र भएको हो । कालोपत्रे भएसँगै वर्षौंदेखि धुलो, हिलो र जोखिमपूर्ण यात्रा झेल्दै आएका स्थानीयवासीलाई सुविधा पुगेको छ । ग्रामीण सडक सञ्जाल सुधार आयोजना (आर सिआइपी) परियोजनाअन्तर्गत स्तरोन्नति तथा कालोपत्रे गर्ने योजनाअनुसार निर्माण सुरु भएको थियो । सो सडकका लागि कूल ३६ करोड ९६ लाख ९३ हजार ६८५ रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो। निर्माणको जिम्मा श्री हिमदुङ एण्ड थोकर प्रालिले लिएको थियो ।

महाशिला, पैयूँ विहादी गाउँपालिकाका नागरिकलाई जिल्ला सदरमुकाम कुश्मासँग जोड्ने यो मुख्य सडक हो। अब सडक कालोपत्रे भएसँगै यात्रा समय छोटिएको छ भने सवारी सञ्चालन सहज बनेको स्थानीय महेन्द्र श्रेष्ठले बताउनुभयो ।

सडक कालोपत्र भएसँगै कृषि उत्पादनको ढुवानीमा सहजता आउने अपेक्षा गरिएको छ । दक्षिणी क्षेत्रका कृषकले उत्पादन गर्ने सुन्तला, तरकारी, फलफूल, आलु तथा दुग्धजन्य वस्तु अब कम खर्च र छोटो समयमा बजारसम्म पुऱ्याउन सक्ने महाशिला गाउँपालिकाका कृषक सरस्वती अधिकारीले बताउनुभयो। पैयूँ गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले हुवास-लुङ्खु सडक कालोपत्रे सम्पन्न भएसँगै दक्षिणी पर्वतको समग्र विकासले गति लिने विश्वास व्यक्त गर्नुभयो ।

# सिँचाइका ९४ प्रतिशत योजना निर्माणमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १६ बैशाख

जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्याङ्जाका झण्डै ९४ प्रतिशत योजना सम्झौता भएर निर्माणका क्रममा रहेका छन् । चालु आर्थिक वर्ष २०८२/८३ का कुल एक सय ४३ योजनामध्ये ९४ दशमलब ४० प्रतिशत अर्थात १ सय ३५ योजना निर्माणको क्रममा रहेका हुन् ।

पछिल्लो तथ्याङ्क अनुसार ९४ प्रतिशत भन्दा बढि योजना निर्माणको क्रममा रहेकै समयमा ८ वटा योजनाहरु सम्झौता हुन सकेको छैन्। १८ करोड ८७ लाख ५० हजार बराबर बजेटका एक सय ४३ कुल योजनामध्ये करिब ७६ लाखका ८ वटा योजनाहरु सम्झौता हुन सकेको कार्यालयले जनाएको छ ।

कम्तिमा ५ लाखदेखि बढिमा दुई करोडसम्मका योजनाहरु कार्यान्वयनमा जाँदा ५ लाखदेखि २० लाखसम्मका ८ वटा योजनाहरु कार्यान्वयनमा जान नसकेको डिभिजन कार्यालयका डिभिजन प्रमुख किरण आचार्यले बताए । 'सकेसम्म सबै योजना निर्माण गर्ने तयारी गर्दागर्दै केहि योजना सम्झौता हुन सकेन्।' उनले भने, '८ वटा योजना सम्झौता हुन नसक्दा ७६ लाख बजेट अलपत्र परेको छ।' सम्झौता हुन नसकेका ठूला योजनामा बाडखोला नदी नियन्त्रण २० लाख, घाकुर तल्लो माथिल्लो कुलो निर्माण ११ लाख, विना इन्धन पानी तान्ने पम्प संचालन १० लाख, ग्रिन भिलेज लिफ्टिङ्ग सिँचाइ योजना १० लाख र बैडाको कुलो निर्माणमा १० लाख रहेका छन् । सानो बजेटतर्फ मरेन्दा सिँचाई योजना, बान्द्रे कुलो निर्माण र बुके पोखरी संरक्षणका ५/५ लाख बजेटका योजना सम्झौता हुन नसकेको कार्यालयले जनाएको छ। 'कार्यालयका सबै योजनाहरु निर्माण गर्ने गरी आन्तरिक तयारी गरेका थियौं ।' डिभिजन कार्यालयका इन्जिनियर सुनिल केसीले भने, 'स्थानीय उपभोक्ता समयमै सम्पर्कमा नआउँदा योजनाहरु सम्झौता हुन सकेन् ।' कतिपय उपभोक्ताले बजेट सानो भएको गुनासो गरेका छन् भने कतिपयले उक्त बजेटबाट तोकिएको काम गर्न नसकिने जनाएको इन्जिनियर केसीले जानकारी दिए। उता कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ९ महिना (साउनदेखि चैत्रसम्म) को अवधिमा कुल २० करोड १५ लाख बजेटको झण्डै ४४ प्रतिशत रकम खर्च गरेको जनाएको छ। चालुतर्फको झण्डै ५५ प्रतिशत रकम खर्च गरेको कार्यालयले पुँजीगततर्फ करिब ४३ प्रतिशत रकम खर्च गरेको जनाएको हो । कुल बजेटमध्ये चालु शिर्षकमा विनियोजित एक करोड २७ लाख ५० हजारमध्ये ५५ प्रतिशत अर्थात ७० लाख २२ हजार खर्च भएको जनाइएको छ। कार्यालयले दिएको जानकारी अनुसार १८ करोड ८७ लाख ५० हजारको पुँजीगत बजेटमा ४३ दशमलब ४९ प्रतिशतले हुने ८ करोड २१ लाख एक हजार खर्च भएको छ । जिल्लामा खासगरी ठूला पुर्वाधारका विकास निर्माण गर्ने कार्यालयमध्ये सिँचाइ कार्यालयको खर्चलाई तुलनात्मक रुपमा सन्तोषजनक मानिएको छ। पूर्वाधार विकासको जिम्मेवारी पाएका पूर्वाधार विकास कार्यालयको २६ प्रतिशत मात्रै पुँजीगत खर्च हुँदा खानेपानी तथा सरसफाई डिभिजनको ३० प्रतिशत वित्तीय प्रगति देखिदा सिँचाइ डिभिजनतर्फको ४३ प्रतिशत भन्दा बढि पुँजीगत खर्चलाई कोष तथा नियन्त्रण कार्यालयले सन्तोषजनक भनेको छ।

# हराउन थाले घुम्ती गोठमा भैँसी पाल्ने चलन हराउँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ बैशाख

धवलागिरि गाउँपालिका-४ खाम्लाका ७४ वर्षीय पूर्णबहादुर जैसीले ५७ वर्षदेखि गर्दै घुम्ती गोठमा गर्दै आएको भैंसीपालन यसपालि छाड्नुभयो।

अठार वर्षको उमेरदेखि जङ्गलमा घुम्ती गोठमा भैंसीपालेर जीविकोपार्जन गर्दै आउनुभएका पूर्णबहादुरले बढ्दो बुढ्यौलीसँगै भैंसी बेचेर घरमै बस्न थाल्नुभएको हो । "भारतीय गोर्खा सैनिकमा भर्ती हुनका लागि छनोट भएर पनि अभिभावकको आग्रह नकार्न नसकेर भैंसी पाल्न जङ्गल पसेको थिएँ", पूर्णबहादुरले भन्नुभयो, "बढ्दो उमेरसँगै स्वास्थ्यमा समस्या देखिन थालेपछि गोठ बस्न नसक्ने भएकाले भैंसी बेचेर घरमै बस्न थालेको छु।" पूर्णबहादुरले भैंसी, राँगा र घ्यू बेचेर एक छोरा र तीन छोरी हुर्काएका, उच्च शिक्षा दिलाएका, घरव्यवहार चलाएको र गाउँमै खेतबारी जोडेका सुनाउनुभयो । "एउटा भैंसीबाट सुरु गरेको घुम्ती गोठमा भैंसीको सङ्ख्या ३६ वटासम्म पुग्यो", उहाँले भन्नुभयो, "राँगा, भैंसी र घ्यू बेचेरै घरव्यवहार चलाएको हो ।" नयाँ पुस्ता वैदेशिक रोजगारीमा आकर्षित हुँदा जीविकोपार्जन, स्वरोजगार र आयआर्जनको सम्भावना भए पनि दुःख गर्नुपर्ने भएका कारण घुम्ती गोठमा भैंसीपालन गर्ने चलन हराउन थालेको पूर्णबहादुरले बताउनुभयो । धवलागिरि गाउँपालिका-४ बगरका ८० वर्षीय कीर्तबहादुर घर्तीमगरले ६४ वर्षसम्म घुम्ती गोठमा भैंसीपालन गर्नुभयो । स्वास्थ्यमा समस्या देखिएपछि कीर्तबहादुरले आठ वर्षको बाल्यकालको उमेरदेखि सुरु गरेको घुम्ती गोठमा भैंसीपालन गर्ने पेसालाई बिट मारेको १० वर्ष भएको छ। "मेरो बाल्यकालमा गाईभैंसीको गोठ नहुने घरै हुँदैनथे", कीर्तबहादुरले भन्नुभयो, "अहिले भएका दुईचारवटा गोठ पनि हामी वृद्धहरूले छाडेपछि हराउने अवस्था छ।" केही दिनअघि समुद्री सतहदेखि तीन हजार मिटर उचाइमा रहेको दोभानस्थित घुम्ती गोठमा भेटिएका कीर्तबहादुरले घुम्तीगोठका अनुभवहरू खुलेर सुनाउनुभयो । "अहिले विदेशमा गएको जस्तै हो त्यसबेला गोठमा जानु भनेको", उहाँले



सम्झनुभयो, "झरीबादल नभनी लेक र बेँसीका भिरपहरा, जङ्गलमा गोठ सार्ने हामीहरू हिउँदमा गाउँ नजिकको खेतबारीमा आउँदा घरपरिवारसँग भेट हुन्थ्यो । बर्खामा तीनचार महिना कसैसँग सम्पर्क हुँदैनथ्यो ।" खाम्ला, खारा, बगर, जेल्तुङ, नाउरा, चौरवन, कुनावन, मचनी, दवदवे, मैरेवन, भैंसीखर्क, जिरवाङलगायत चरन क्षेत्रहरूमा भैंसीको घुम्ती गोठ लैजाने चलन थियो । पोषिलो घाँस पाइने भएकाले भैंसी पाँच हजार मिटर उचाइका बुकीमा चरनका लागि आफैं पुग्ने गरेको अनुभव पूर्णबहादुर र कीर्तबहादुरले सुनाउनुभयो । बीस वटाको हाराहारीमा भैंसी पाल्दा वार्षिक १० देखि १५ वटासम्म राँगाभैंसी र २०० लिटरको हाराहारीमा घ्यू बिक्री हुने गरेको थियो । यस क्षेत्रका किसानले पाल्दै आएको लिमे र पारकोटे जातको भैंसीको आनुवांशिक स्रोत घुम्ती गोठसँगै लोप हुने खतरा बढेको छ।

धवलागिरि गाउँपालिकाका पशु सेवा शाखाका प्रमुख चन्द्रकला दाहालका अनुसार वडा नं ४ मा हाल भैंसीको सङ्ख्या ४३६ वटा रहेको छ। पशुमा पूर्णखोप कार्यक्रमका क्रममा वार्षिक रूपमा लिने तथ्याङ्कअनुसार गाईभैंसीको सङ्ख्या घट्दो क्रममा रहेको उहाँले बताउनुभयो। परम्परागत हिसाबले घुम्ती गोठमा पशुपालन गर्दै आएका किसानले फार्म दर्ता र पशु बीमा नगरेका कारण विभिन्न महामारी रोगविरुद्धको खोप उपलब्ध गराए पनि अनुदानका कार्यक्रममा समेट्न समस्या भएको उहाँको भनाइ छ । धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले घुम्ती गोठलाई आधुनिक र व्यवस्थित गर्न किसानसँग छलफल गरेर उनीहरूको आवश्यकताअनुसारका कार्यक्रम बनाएर समेट्ने प्रयास गरिएको जानकारी दिनुभयो । घुम्ती गोठका लागि त्रिपाल, सोलारलगायत सामग्री उपलब्ध गराएको बताउँदै उहाँले फरक दङ्गले घुम्ती गोठलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सकेमा रोजगारी सृजना र आयआर्जन वृद्धिको सम्भावना रहेको बताउनुभयो ।


## सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ६ बैदाम खहरे कास्की स्थित माधव प्रसाद पहारी कि.नं. ५५ को क्षेत्रफल १०६.६० वर्ग मिटर, कि.नं.५९ को क्षेत्रफल १३०.४० साथै शान्ती पहारीको नाममा कि.नं. ५६ को क्षेत्रफल ३७६.०० भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व मोहोडा कि.नं. ५२ र ५४ पश्चिम बाटो, उत्तर कि.नं. ५७ र उत्तर कि.नं. ५१ दक्षिण बाटोका सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ६ बैदामको कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# समयलाई कापीमा बाँध्ने एक अनुशासित अधिकारीको निधन

शोभाकान्त सिग्देल

पोखरा महानगरपालिका वडा न ११ फूलबारी निवासी एउटा शान्त, अनुशासित र प्रेरणादायी जीवनलाई विदाइ दिएको छ । झण्डै एक शताब्दी लामो जीवन यात्रा तय गरेका अग्रणी व्यक्तित्व हरिकृष्ण अधिकारी अब सम्झनामा मात्र सीमित रहुन भएको छ । तर उहाँको बानी, उनका मूल्य र उनका अक्षरहरू अझै जीवित छन् । विसं १९७६ पुस ०३ गते जन्मिएका अधिकारीले २०८३ वैशाख ११ गते दिउँसो ३:४७ बजे अन्तिम सास लिनु भयो । तर उहाँको जीवन केवल वर्षहरूको गणनामा सीमित थिएन, त्यो समयसँगको गहिरो संवाद थियो । जहाँ प्रत्येक दिन, प्रत्येक घटना र प्रत्येक सम्बन्धलाई उहाँले सावधानीपूर्वक कापीमा उतार्दै आउनु भएको थियो । २०३९ सालदेखि सुरु भएको उहाँको "दैनिक लेखन" केवल एउटा बानी थिएन, त्यो जीवनलाई सम्झने, बुझ्ने र सुरक्षित राख्ने उहाँको आफ्नै तरिका थियो । उहाँले दिनभरि भएका गतिविधिहरू कापीमा टिप्नु हुन्थ्यो । मानौँ समयलाई शब्दमा कोर्दै गर्नु हुन्थ्यो । मृत्यु हुनु दुई दिन अघिसम्म पनि उहाँले आफ्नो नाति कृष्णकान्तलाई बैंकमा पैसा जम्मा गर्न पठाउनु भएको थियो । आर्थिक अनुशासन उनको जीवनको अर्को परिचय थियो । हरेक बैंकको हिसाब-किताब मिलाएर राख्ने र वर्षौंअघिका भौचरहरू सुरक्षित राख्ने उहाँको बानी थियो । धार्मिक र सांस्कृतिक क्षेत्रमा पनि उनको योगदान उत्तिकै उल्लेखनीय रह्यो । उहाँले ४६ स्थानमा नवाहमा प्रमुख वाचकको भूमिका निर्वाह गर्नु भयो भने दुई सयभन्दा बढी स्थानमा उपवाचकका रूपमा सहभागी हुनु भयो । २०६८ सालमा प्रकाशित उहाँको 'धार्मिक निर्णय संग्रह' र २०७३ सालमा प्रकाशित 'अविधवा नवमी श्राद्धविधि' जस्ता कृतिहरूले उहाँको अध्ययन, श्रद्धा र समर्पणलाई उजागर गर्दछ । शायद समयले ती पानाहरू पूरा हुन नदिएको हो । उहाँको जीवनको अर्को सुन्दर पक्ष थियो परिवारप्रतिको समर्पण । भाइ, छोराछोरी, बुहारी, नाति नातिनीसँग



सातौ दिनको पुण्य तिथिमा

जोडिएका हरेक गतिविधिको मिति टिपेर राख्ने उहाँको बानीले उहाँलाई केवल परिवारको सदस्य मात्र होइन, इतिहासकार जस्तै बनाएको थियो ।

ठूलो परिवारको केन्द्रबिन्दु बन्नु भएको अधिकारीले आफ्ना सन्तान र पुस्तालाई संस्कार, अनुशासन र एकताको पाठ सिकाउनु भयो । उहाँका सन्तानहरू विभिन्न क्षेत्रमा स्थापित हुनु भएको छ भने नाति-नातिनीहरूमा डाक्टरजस्ता उच्च शिक्षित व्यक्तित्वहरूको उपस्थिति उहाँको जीवनको उपलब्धि हो । उहाँको निधनले परिवार र समाज दुवैलाई अपूरणीय क्षति पुगेको छ । तर उहाँले छोडेका कापीका पानाहरू, मिलाइएका हिसाबहरू र सम्झनामा बसेका शब्दहरूले सधैं एउटा सन्देश दिइरहने छ । जीवन केवल बाँच्ने होइन, त्यसलाई अर्थपूर्ण बनाउने कला पनि हो । उहाँका एक छोरा न्यायाधीश रमेशकान्त अधिकारी तथा छोरीहरू अम्बिका पौडेल, रेवती सिग्देल, लक्ष्मी लामिछाने र दिव्यलक्ष्मी रेग्मी हुनुहुनछ । आज उहाँको परिवारमा नाति-नातिना, पनाति-पनातिनी हुँदै चालीस भन्दा बढी सदस्य रहनु भएको छ । जहाँ छोरा तर्फ डा. आरती अर्याल, डा. कृष्णकान्त अधिकारी र आकृति अधिकारीजस्ता सन्तानहरू हुनुहन्छ । पोखराको फूलबारीमा बसोबास गर्दै आउनु भएको हरि कृष्ण अधिकारीको जीवन कथा केवल एक व्यक्तिको जीवनी मात्र होइन, संघर्ष, जिम्मेवारी र समाजप्रतिको समर्पणले भरिएको प्रेरणादायी यात्राको दस्तावेज हो । मध्यमा तहसम्म अध्ययन गर्नु भएको अधिकारीले वि.सं. २०२८ सालदेखि शिक्षण पेशामा पाइला टेक्नु भयो । सिक्लेस, आर्वा र छोरेपाटन हुँदै अन्ततः धर्मस्थली विद्यालयमा आइपुग्दा उहाँले तीन दशकभन्दा बढी समय शिक्षण सेवामा समर्पित गर्नु भयो ।

सरल स्वभाव, अनुशासनप्रति दृढता र विद्यार्थीप्रतिको माया उहाँका पहिचान बन्यो । अन्ततः वि.सं. २०५८ सालमा सेवा निवृत्त हुँदा उहाँले केवल शिक्षकको भूमिका मात्र होइन, समाज निर्माणको एउटा बलियो आधार तयार पारिसक्नु भएको थियो । शिक्षणसँगै उहाँको सामाजिक र धार्मिक क्षेत्रमा पनि सक्रिय योगदान छ । शिवशक्ति माध्यमिक विद्यालय र सिद्धेश्वर महादेव मन्दिरका पूर्व अध्यक्षका रूपमा उहाँले संस्थागत विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ । विभिन्न धार्मिक संस्था र मन्दिरहरुमा आजीवन सदस्य रहि उहाँले धार्मिक आस्था र सामाजिक उत्तरदायित्वलाई सन्तुलित रूपमा अघि बढाउनु भएको थियो । तर अधिकारीको जीवन सधैं सहज थिएन ।

बाल्यकालमै बुबाको वि.सं. २००६ सालमा र आमाको वि.सं. २०४३ सालमा निधन भएपछि परिवारको सम्पूर्ण जिम्मेवारी उहाँकै काँधमा आइपऱ्यो । अझ नौ वर्षकै उमेरमा विवाह भएको उनको जीवन प्रारम्भदेखि नै संघर्षमय रह्यो । ती चुनौतीहरूलाई उनले धैर्यता र दृढताका साथ सामना गर्दै अगाडि बढ्नु भयो । जसले उहाँको व्यक्तित्वलाई अझ परिपक्व बनायो । जीवनसाथी कृष्णा कुमारी अधिकारीको वि.सं. २०६६ सालमा निधन भएपछि उहाँले फेरि एकपटक गहिरो पीडा भोग्नु पऱ्यो ।

तर सासुआमाको निधनपछि ससुराबालाई असल बुहारी पार्वती र छोरीहरु लगायत परिवारका सबै सदस्यहरुको माया, साथ र हौसलाले जीवनका कठिन मोडहरू पार गर्दै अगाडि बढ्न सहज बनायो । सबैको आत्मीय माया र साथले जीवनका कठिन बाटाहरू पनि सहज र सुन्दर बन्दै गएकोले मृत्युको अगिल्लो दिन सम्म पनि हक्की अनुशासन हजुरबासँग कायम रहेको उनै नाति कृष्णकान्तले पोखरापत्रलाई वताउनुभयो । मृत्युपश्चात् गरिने १३ दिने संस्कारदेखि एक वर्षपछि सम्पन्न गरिने सप्ताहसम्मका सम्पूर्ण विधि-विधानलाई अधिकारले लिखित रूपमा सुरक्षित गरेर छाड्नुभएको तथ्यले, घरमा आउने आफन्तजनका आँखामा हरिकृष्णलाई झन् अद्भुत र चमत्कारिक व्यक्तित्वका रूपमा स्थापित गरिदिएको छ । जीवनका आरोह-अवरोहबीच अधिकारीले कहिल्यै हार मन्नु भएन । अभाव, पीडा र जिम्मेवारीका भारीबीच पनि उहाँले शिक्षण, समाजसेवा र पारिवारिक कर्तव्यलाई सन्तुलनमा राख्दै जीवन विताउनु भयो । उहाँको जीवन शैली कथा आजका पुस्ताका लागि प्रेरणाको स्रोत बनेको छ,जहाँ कठिनाइहरूलाई अवसरमा बदल्ने साहस र समर्पणको उज्यालो देखिन्छ । अन्तमा स्व. हरिकृष्ण हजुरबाको असामयिक निधन भएको पीडादायी क्षणमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै दुःखको यस घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछु ।

# पोखरा जेसीजले जेसीज सप्ताहन्त गर्ने

पोखरापत्र संवाददाता
पोखरा, १६ बैशाख

पोखरा जेसीजले बैशाखको तेस्रो साता जेसीज सप्ताहन्त २०२६ को आयोजना गर्ने भएको छ ।

सन् १९७५ मा स्थापना भएको पोखरा जेसीजले आज पोखरामा पत्रकार सम्मेलनको आयोजना गर्दै परिष्कृत युवा, सशक्त नेतृत्व भन्ने मूल नाराका साथ सप्ताहन्तको अवसरमा यही बैशाख १८ गतेदेखि २० गतेसम्म बिभिन्न कार्यक्रम गर्ने जनाएको हो । जेसीजले यही बैशाख १८ गते कार्यक्रमको उद्घाटनसहित वित्तीय साक्षरता कार्यक्रम गर्ने जनाएको छ । सो कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ५ सँगको सहकार्यमा युवाहरूका लागि वित्तीय साक्षरता सहित उद्यमशीलता विकास तालिम सञ्चालन गरिने संयोजक एवं पोखरा जेसीजका उपाध्यक्ष ई. रविन्द्र गोदारले जानकारी दिए ।

दोस्रो दिन बैशााख १९ गते



कास्कीको मादी गाउँपालिका वडा नं. ९, मिजुरेमा वृहत निःशुल्क आँखा शिविर आयोजना हुनेछ। हिमालय आँखा अस्पतालको सहयोगमा स्थानीय समुदायलाई लक्षित गरी सो कार्यक्रम गर्न लागिएको बताईएको छ । सप्ताहन्तको अन्तिम दिन बैशााख २० गते वृहत रक्तदान कार्यक्रम र विजनेस आइडियासम्वन्धि कार्यक्रम गरिने संयोजक गोदारले बताए । नवप्रवर्तनकारी सोच भएका युवाहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको पोखरा जेसीजका अध्यक्ष जेसी सुमन पहारीले जानकारी दिए । विगत ५ दशकदेखि युवाहरूको नेतृत्व र व्यक्तित्व विकासमा पोखरा जेसीजले निरन्तर काम गर्दै आइरहेको उनले बताए । प्रचार प्रसार समितिका संयोजक संजय थापाले युवा लक्षित कार्यक्रमले समाजमा सचेतना वृद्धी गराउन सहयोग पुग्ने बताए । यस्ता विशेष कार्यक्रमलाई जेसीजले बार्षिक क्यालेण्डरमै समावेश गरेको उनले जानकारी दिए । पोखरा जेसीज वर्ष २०२६ का अध्यक्ष जेसी सुमन पहारीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन महासचिव जेसी संजय पौडेलले गरेका थिए ।

# बाख्रापालनबाट स्वरोजगार

पोखरापत्र संवाददाता
म्याग्दी, १६ बैशाख



मङ्गला गाउँपालिका-२ हिदीका कुलबहादुर पुनले चार वर्षअघि दुई वटा बाख्राबाट सुरु गरेको फार्मबाट वार्षिक लाखौँ आम्दानी गर्न थाल्नुभएको छ ।

पचास वर्षीय पुनले वैदेशिक रोजगारी, परम्परागत खेतीकिसानीको विकल्पमा गाउँमै व्यवस्थित बाख्रा फार्म सञ्चालन गरेर स्वरोजगार र आत्मनिर्भर बन्नुभएको हो । "घरमै भएका दुई वटा माउ बाख्राबाट सुरु गरेको फार्ममा अहिले पाठापाठी, खसिबोका र माउबाख्राको सङ्ख्या ४८ वटा पुगेको छ", उहाँले भन्नुभयो, "वार्षिक १५ देखि २० वटाको हाराहारीमा बिक्री हुन्छ ।"

बाख्रापालन सुरु गरेपछि घरव्यवहार चलाउन र छोराछोरीको पठनपाठनमा सहज भएको पुनले बताउनुभयो । सामाजिक काममा पनि आबद्ध पुन बाख्रापालन सुरु गर्नुअघि परम्परागत खेतीकिसानी र पशुपालन गरेर जीविकोपार्जन गर्दै आउनुभएको थियो । उहाँलाई बाख्रापालनमा श्रीमतीले पनि सघाउनुभएको छ । अठार महिनादेखि दुई वर्षको खसीलाई तौलअनुसार १५ देखि २० हजार मूल्य पार्न सकिने पुनले बताउनुभयो । बाबियाचौर, तातोपानी र बेनी बजारमा मासुका लागि खसीबोका बिक्री हुन्छ । धार्मिकस्थल मालिकामा बलि चढाउनका लागि पनि बोका, पाठा लैजाने गर्छन् । खसीबोकाकै हाराहारीमा पाल्ने किसानहरू पनि पाठापाठी किन्न आउँछन् । पुनले विसं २०७८ मा हिदी बाख्रापालन फार्म स्थापना गरेर व्यवसाय सुरु गर्नुभएको थियो । स्थानीय जमुनापारी जातको बाख्राको नश्ल सुधार गरेर पाठापाठी उत्पादन गर्न उन्नत बोयर जातको बोका पाल्नुभएको छ । बोयर बोकाबाट नश्ल सुधार गरेका पाठापाठी छिटो बढ्ने, तौल धेरै हुने भएकाले आम्दानी वृद्धिका लागि सहज भएको पुनको अनुभव छ । उक्त फार्ममा बाख्राको ब्यवस्थित खोर निर्माणका लागि भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले रु पाँच लाख अनुदान सहयोग गरेको थियो । मङ्गला गाउँपालिकाले ७५ प्रतिशत अनुदानमा उन्नत बोयर जातको एक वटा बोका उपलब्ध गराएको छ । फार्म स्थापनाका क्रममा लागेको रु १० लाख ऋण पनि खसीबोका र पाठापाठी बेचेर तिरिसकेको पुनले बताउनुभयो । बाख्राको खोरभित्र फरक/फरक उमेर समूहका बाख्रा, बोका, खसी र पाठापाठी राख्ने छुट्टाछुट्टै कोठाहरू छन् । बधुवा प्रणालीबाट बाख्रापालन गरेका पुनले आहराका लागि बहुवर्षीय डालेघाँस खेती गर्नुभएको छ । घाँसखेती विस्तार र बाख्रापालनलाई थप व्यवस्थित गरेर निरन्तरता दिने पुनले बताउनुभयो ।

# दौडमै भविष्य देखेका २६ वर्षीय सनम

पोखरापत्र संवाददाता
दमौली, १६ बैशाख

तनहुँको आँबुखैरेनी गाउँपालिका-१ बरादीका २६ वर्षीय सनम गुरुङ पछिल्लो समय दौडमा परिचित नाम हो । सामान्य परिवेशमा हुर्किनुभएका उहाँले आफ्नो भविष्य दौडमा देख्नुभएको छ ।

विगत सात वर्षदेखि निरन्तर दौडमा सक्रिय रहँदै आउनुभएका सनमले आफ्नो अथक मिहिनेत, लगनशीलता र दृढ इच्छाशक्तिबाट उल्लेखनीय सफलता हासिल गर्नुभएको छ । उहाँले हालसम्म एक सयभन्दा बढी दौड प्रतियोगितामा सहभागिता जनाइसक्नुभएको छ । तनहुँसहित लमजुङ, गोरखा, स्याङ्जा, चितवन, बागलुङ र धादिङलगायत विभिन्न जिल्लामा आफ्नो क्षमता प्रस्तुत गरिसक्नुभएका उहाँले ७० भन्दा बढी पदक जित्न सफल हुनुभएको छ । यो उहाँका लागिमात्र नभई आँबुखैरेनी र तनहुँ जिल्लाका लागि पनि गर्वको विषय बनेको छ ।

विशेषगरी तनहुँका विभिन्न स्थानमा आयोजित प्रतियोगितामा उहाँले बारम्बार प्रथम स्थान हासिल गर्दै आफ्नो पहिचान स्थापित गर्नुभएको छ । गुरुङले सोमबारमात्रै गोरखामा आयोजित दौड प्रतियोगितामा प्रथम स्थान हासिल गर्नुभएको थियो । उहाँका अनुसार दौड प्रतियोगिताबारे जानकारी पाउन अहिले सामाजिक सञ्जाल मुख्य माध्यम बनेको छ । "कतिपय प्रतियोगिताको जानकारी फेसबुकजस्ता प्लेटफर्मबाट थाहा हुन्छ, कहिलेकाहीँ आयोजकले नै सम्पर्क गर्नुहुन्छ, साथीभाइले पनि खबर गर्छन्", उहाँ भन्नुहुन्छ । साथै विभिन्न सञ्चारमाध्यममा आउने खेलसम्बन्धी समाचार पनि उहाँका लागि उपयोगी स्रोत बनेका छन् । सनमको सफलताको पछाडि उहाँको परिवार, विशेषगरी आमाको महत्त्वपूर्ण भूमिका रहेको छ । उहाँ आमासँगै बस्दै आउनुभएको र आमाले हरेक पाइलामा साथ दिँदै उहाँलाई प्रेरणा दिइरहेको बताउनुहुन्छ । "आमाको साथ र विश्वासले मलाई अझ बलियो बनाएको छ", सनम भन्नुहुन्छ ।

आर्थिक दृष्टिले खेलकुद क्षेत्रमा चुनौतीहरू रहे पनि उहाँले पैसाभन्दा सन्तुष्टिलाई ठूलो ठान्नुभएको छ । "दौडमै मेरो भविष्य देखेको छु । मिहिनेत गरिरहेको छु । अहिलेसम्म विदेश जाने सोच बनाएको छैन", उहाँ भन्नुहुन्छ । उहाँका लागि दौड केवल प्रतिस्पर्धामात्र होइन, जीवनको उद्देश्य र आत्मसन्तुष्टिको माध्यम बनेको छ ।

भविष्यमा अझ ठूला प्रतियोगितामा सहभागिता जनाउँदै देशको नाम उँचो बनाउने लक्ष्य राख्नुभएका सनम अहिले पनि नियमित अभ्यासमा व्यस्त हुनुहुन्छ । आवश्यक पूर्वाधार र अवसरको अभावका बाबजुद उहाँले हार नमानी आफ्नो यात्रालाई निरन्तरता दिइरहनुभएको छ ।

# हावाहुरीले विद्यालयको छानो उडायो, पठनपाठन प्रभावित

पोखरापत्र संवाददाता
म्याग्दी, १६ बैशाख

म्याग्दीको धौलागिरि गाउँपालिका-१ गुर्जास्थित जनकल्याण माध्यमिक विद्यालयको कक्षा कोठा भवनको छानो हावाहुरीले उडाएको छ । कार्यालय, पुस्तकालय, स्मार्टबोर्ड र विज्ञान प्रयोगशाला भएको ६ कोठे भवनको जस्तापाताको छाना हुरीले उडाएपछि पठनपाठन प्रभावित भएको हो ।

हावाहुरीले विद्यालयको कार्यालयमा रहेका कागजपत्र पनि उडाएको प्रधानाध्यापक न्याउली छन्त्यालले बताउनुभयो । कक्षा १० सम्मको पठनपाठन हुने उक्त विद्यालयमा करिब २०० विद्यार्थी अध्ययनरत छन् । छानो उडाएपछि कक्षा सञ्चालन गर्न कोठाको अभाव भएको उहाँले बताउनुभयो । यसैगरी बिहीबार अन्नपूर्ण गाउँपालिकाको शिख, घार क्षेत्रमा परेको असिनाले हिउँदे र बर्खेबालीमा क्षति पुऱ्याएको छ । असिनापानीपछिको बाढीले विभिन्न ठाउँमा सडक, खानेपानी, सिँचाइका संरचनामा क्षति पुगेको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो । भुरुङ-तातोपानी, दाना, नारच्याङ, शिख, घार र हिस्तानको जनजीवन हावाहुरी, बर्सात र असिनाले प्रभावित बनाएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, ढल्केपुल खोला पुल तथा बस्ती संरक्षण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः ढल्केपुल खोला पुल तथा बस्ती संरक्षण
ठेगानाः पोखरा-१३
योजना सुरु हुने मिति : २०८२/०७/२९ गते
योजना सम्पन्न हुने मितिः २०८२/०९/३० गते
योजना सम्पन्न भएको मितिः २०८३/०१/१६ गते
योजनाको कुल लागतः रु. १५,५५,५५६|-
महानगरपालिकाबाटः रु. १४,०१,०३५|-
जनसहभागिताबाटः रु. १,५४,५२१|-
उपभोक्ता समिति अध्यक्षः प्रकाश सापकोटा
सम्पर्क नं.: ९८५६००९२४५
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**ढल्केपुल खोला पुल तथा बस्ती संरक्षण उपभोक्ता समिति पोखरा-१३**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, लप्सी कुनादेखि शिशु कल्याण मा.वि.सम्म बाटो स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः लप्सी कुनादेखि शिशु कल्याण मा.वि.सम्म बाटो स्तरोन्नति
ठेगानाः पोखरा-३३, माछापुच्छ्रे टोल
योजना सम्झौता मिति : २०८२/०८/१७ गते
योजना सुरु मितिः २०८२/०८/१७ गते
योजना सम्पन्न हुने मितिः २०८२/०९/२९ गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/०१ गते
योजनाको कुल लागतः रु. ४,४४,७९५.५२
महानगरपालिकाबाटः रु. ४,००,०००|-
जनसहभागिताबाटः रु. ४४,७९५.५२
उपभोक्ता समिति अध्यक्षः टिका गिरी
सम्पर्क नं.: ९८४६२८७४०३
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**लप्सी कुनादेखि शिशु कल्याण मा.वि.सम्म बाटो स्तरोन्नति उपभोक्ता समिति पोखरा-३३**